मिति २०७७/५/४ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८६/२०७७ का निर्णयहरूः-

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३१/३०२-२०७७/५/४ को "रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति ( गठन) (दोस्रो संशोधन) आदेश २०७७ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. माननीय मुख्यमन्त्रीज्यूबाट बाढी, पहिरो लगायतका प्राकृतिक विपद् सम्बन्धमा बैठकमा प्रस्तुत मौखिक प्रस्तावहरुका सन्दर्भमा देहाय बमोजिम गर्नेः-

क. प्रदेशका विभिन्न जिल्लाहरुमा बाढी, पहिरो तथा डुबान जस्ता विपद्का घटनामा परि ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली एवम् परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना सहित घाइतेहरुको उपचार प्रदेश सरकारले गर्ने ।

ख. यस प्रदेश अन्तर्गतका अछाम, बझाङ्ग, दार्चुला लगायत ९ वटै जिल्लाहरुमा बाढी, पहिरो तथा डुबान जस्ता विपद्का घटनाबाट मृत्यू भएका व्यक्तिका नजिकका हकवालालाई रु. १ लाखका दरले प्रदेश सरकारको तर्फबाट सम्बन्धित प्रमुख जिल्ला अधिकारीले राहत प्रदान गर्ने। उक्त राहत रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने ।

ग. विपद्का घटनाबाट जनधनको क्षति व्यहोरेका परिवारलाई प्रदेश **विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६** बमोजिम तत्काल नगद राहत, जिन्सी सामग्री एवम् वसोवास व्यवस्थापनका लागि दोहोरो नपर्ने गरी खर्च गर्ने शर्तमा प्रदेशस्थित जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यकता र औचित्यताका आधारमा रकम उपलब्ध गराउन प्रदेश विपद् व्यवस्थापन कोषमा रु. १ करोड उपलब्ध गराउने। उक्त रकम आन्तरिक मामिला तथा कानून मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा लिने ।

घ. प्रदेशका विषयगत मन्त्रालयहरुले आफ्नो विषयगत कार्यालयहरु मार्फत विपद्का घटनामा भएको भौतिक क्षतिको विवरणहरु पछि सम्म फरक नपर्ने गरी यथाशिघ्र उपलब्ध गराउन निर्देशन दिने ।

ङ. प्रदेश अन्तर्गतका बाढी प्रभावित जिल्लाहरुका विभिन्न ठाउँमा अवरुद्ध सडक, खानेपानी, सिचाइ, कुलो लगायत संरचनाहरुलाई सुचारु गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयले शिघ्र कार्य आरम्भ गर्ने र उक्त जिल्लाहरुमा तत्काल आवश्यक पर्ने औषधि एवम् चिकित्सकको व्यवस्थापन सामाजिक विकास मन्त्रालयले मिलाउने। साथै खाद्यान्न आपूर्तिको व्यवस्थापन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गर्ने ।

च. बाढी, पहिरो तथा डुवान प्रभावित जिल्ला/क्षेत्र/भुःभाग/स्थानको भौगर्भिक अध्ययन सम्बन्धी कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बद्ध निकायसँग समन्वय गरी गर्ने, गराउने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली